माण्डु हाईड्रोपावर लिमिटेड

# MANDU HYDROPOWER LIMITED

कमलादी, काठमाण्डौ, नेपाल ।

Tel: 977-01-4429089/ 977-01-4426726 Pan No. 302417162 Website: www.manduhydropwer.com

पत्र संख्या ५८ MHPL ०८०/०८१

मिति : २०८०/०७/१६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय : **वार्षिक साधारणसभा, नगद लाभांश तथा शेयर दाखिला खारेज बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस माण्डु हाइड्रोपावर लि. को मिति २०८०/०७/१६ गते बेलुका ४ बजे बसेको २०५औं संचालक समितिको बैठकको निर्णयानुसार यस माण्डु हाइड्रोपावरको लि. आ.व. २०७९/०८० को मुनाफावाट शेयरधनीहरुलाई कम्पनीको हालको चुक्ता पुँजी १,३६,३६,३७,०००/- को १०% ले हुन आउने रु.१३,६३,६३,७००/- ( अक्षरुपी तेह्र करोड त्रिसट्ठी लाख त्रिसट्ठी हजार सात सय रुपैयाँ ) नगद लाभांश प्रचलित कानुन बमोजिम कर कट्टी गरी वितरण गर्न साथै १२ औ वार्षिक साधारणसभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थान मा बस्ने भएको हुँदा ताँहाको जानकारीको लागि सादर अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय :**

१. मिति : बि.स. २०८० साल मसिर १५ गते (सन् १ डिसेम्बर २०२३) शुक्रवार ।
   समय : बिहान १०:०० बजे ।
   स्थान : कोर्टयार्ड, छाँया सेन्टर, ठमेल, काठमाण्डौ ।

२. **शेयर दाखेल खारेज सम्बन्धी विवरण** :

१२ औ वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८०/०८/०४ गते एक दिन हाइड्रोपावरको शेयरधनी दर्ता किताव बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुन भन्दा अघिल्लो दिनसम्म कारोवार भई शेयर खरिद गरि नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०७९/०८० को नगद लाभांस पाउन योग्य हुनु हुनेछ ।

नोट : वार्षिक साधारणसभा सम्बन्धी मिति २०८०/०७/१७ मा कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरिने सूचनाको प्रति यसै साथ संलग्न गरिएको छ ।

**वोधार्थ :**

नेपाल धितोपत्र बोर्ड, खुमलटार,ललितपुर ।
सिडिएस एण्ड क्लियरिङ्ग लि.काठमाण्डौ ।
विद्युत नियमन आयोग, सानोगौचरण काठमाण्डौ ।

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

भवदिय

सुन्दर श्रेष्ठ
कम्पनी सचिव

# Mandu Hydropower Limited
# माण्डु हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय ठेगाना: का.म.न.पा.-२८, कमलादी, काठमाडौं,
(आयोजनाको नाम : बागमती साना जलविद्युत आयोजना-क्षमता २२ मे.वा.)
फोन नं. : ०१ ४४३८३८८, ४४२९०८९, इमेल : info@manduhydropower.com वेबसाइट : www.manduhydropower.com


## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०७/१७**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८०/०७/१६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको १२ औं (आ.व. २०७९/०८०) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्नको लागी बस्ने भएको हुंदा वार्षिक साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८०/०८/१५ (1st, December 2023)
समय : बिहान १०:०० बजे (10:00 AM)
स्थान : कोट्यार्ड, छायाँ सेन्टर, ठमेल, काठमाडौं ।

**बाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु (एजेन्डाहरु) :**

१. **सामान्य प्रस्ताव :**
   - क) आ.व. २०७९/०८० सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।
   - ख) आ.व. २०७९/०८० को लेखापरिक्षकको प्रतिवेदन, २०८० असाढ मसान्त सम्मको वासलात र आ.व. २०७९/०८० को आयव्ययविवरण र सोही अवधिको नगद प्रवाह लगायत वित्तिय विवरण उपर छलफल गरि स्विकृत गर्ने ।
   - ग) आ.व. २०८०/०८१ को कारोवारको हिसाव लेखापरिक्षण गर्नका निमित्त लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
   - घ) आ.व.२०७९/०८० को मुनाफाबाट शेयरधनीहरुलाई कम्पनीको हालको (सर्वसाधरण लाई शेयर निश्कासन पछि) चुक्ता पुँजी १,३६,३६,३७,०००/-को १०% ले हुन आउने रु.१३,६३,६३,७००/-( अक्षरुपी तेह करोड त्रिसट्ठी लाख त्रिसट्ठी हजार सात सय रुपैयां ) नगद लाभांश प्रचलित कानुन बमोजिम कर कट्टी गरी वितरण गर्ने ।
   - ङ) सर्वसाधरण समूह बाट १ जना संचालकको निर्वाचन एव संस्थापक तर्फको संचालक नियुक्ती अनुमोदन गर्ने ।
   - च) संचालक समितिको प्रति बैठक भत्ता निर्धारण गराउने प्रस्ताव पारित गर्ने ।

२. **विशेष प्रस्ताव :**
   - क) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना दफा (२) सशोधन गर्ने सम्वन्धी प्रस्ताव परित गर्ने ।
   - ख) कम्पनीको नियमावलीमा ३८ (३) संचालक समितिको वैठक सम्वन्धी कार्यविधिमा संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

३. **विविध :**

**साधारण सभा सम्वन्धी सामान्य जानकारीहरु :**

१. सर्वसाधारणको वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८०/०८/०४ (तद्अनुसार २० नोभेम्बर २०२३) गतेका दिन कम्पनीको दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लि.मा मिति २०८०/०८/०३ गतेसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ.व. २०७९/०८० को अवधिको वितरण योग्य नगद लाभांश पाउन योग्य रहनेछन् ।
२. वार्षिक साधारणसभा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
३. कम्पनीको आयोजनामा लगानीको निमित्त बैंकहरुसँग गरिएको सहवित्तीय सम्झौताको शर्तबमोजिम लगानीकर्ता बैंकहरुको स्वीकृतिपश्चात मात्र लाभांश वितरण गर्न पाईने भएकोले सोको स्वीकृतिका लागि कम्पनीबाट प्रक्रिया चलिएको र साधारणसभा एवं लगानीकर्ता बैंकहरुको स्वीकृति पश्चात् प्रस्तावित लभांश भुत्तानी गरिने ।
४. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण-पत्र साथमा लिई आउन हुन अनुरोध छ , अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन ।
५. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसैसाथ प्रकाशित गरिएको छ । आर्थिक विवरणलगाएतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्वन्धी अन्य जानकारीको लागि कम्पनीको website:manduhydropower.com मा पनि हेर्न सक्नुहुनेछ ।
६. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियूक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नुपर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरि अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्नेछ ।
७. संरक्षण रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षणको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयूक्तरुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
८. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो सम्वन्धी प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्नेछ । तर, त्यसलाई परित गरिनुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।
९. शान्ति सुरक्षको दष्टिकोणले साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनुहुन अनुरोध छ । सभाको सुरक्षका लागि खटिएका सुरक्षकर्मीहरुले शेयरधनी महानुभावहरुलगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला व्याग र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनहुन अनुरोध छ ।
१०. विद्युतीय (भर्चुअल) माध्यमबाट समेत सभामा सहभागी हुन तथा आफनो मन्तव्य राख्न सकिने व्यवस्था मिलाइएको हुँदा, विधुतीय माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुले mandubagmati@gmail.com वा info@manduhydropower.com मा इमेल गरी वा फोन नं. ०१-४४३८३८८, ०१-४४२९०८९, मा सम्पर्क गरी साधारणसभा सुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै आफ्नो नाम इमेल ठेगाना टिपाउनु हुन अनुरोध छ । विधुतीय माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID / Passcode उपलब्धा गराई सभामा सहभागी हुन व्यवस्था मिलाइनेछ ।
११. निर्वाचन र अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौ वा फोन नं. ०१-४४३८३८८, ०१-४४२९०८९, मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस माण्डु हाइड्रोपावर लि.को बाह्रौं वार्षिक साधारण सभाको प्रायोजनार्थ आ.व.२०७९/०८० को वासलात,नाफा नोक्सान हिसाव लगायत कम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक बर्ष २०७९/०८० को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तीय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त बिवरण यँहाहरुको जानकारीको लागि यसै साथ प्रकाशित गरिएको छ ।

**आ.व.२०७९/०८० को कारोवारको सिंहावलोकन**

यस कम्पनीद्वारा सञ्चालित मकवानपुर जिल्ला ईपापञ्चकन्या स्थित बागमती खोला साना जलविद्युत आयोजना (२२ मे.वा.) लाई विगतका बर्षहरुमा जस्तै दक्षतापूर्वक सञ्चालन गरि विद्युत उर्जा बिक्रीबाट कम्पनीको आम्दानी अधिकतम बनाउने कार्यलाई प्रस्तुत आ.व.२०७९/०८० लाई निरन्तरता दिईएको छ । तसर्थ प्रस्तुत आर्थिक वर्ष समेत बिद्युत उत्पादनको स्थिति संतोषजनक रही कम्पनी मुनाफामा रहेको छ ।

## नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुसारको वित्तीय विवरण

| Statement of Financial Position | FY 2079-80 | FY 2078-79 |
|---|---|---|
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, plant and equipment | 1,069,136 | 2,605,729 |
| Intangible assets | 3,649,852,683 | 3,790,424,196 |
| **Financial Assets** | | |
| Financial Assets at Fair Value Through PL | 400,000,000 | - |
| Other Non Current Assets | 3,675,974 | 3,655,974 |
| **Total Non-Current Assets** | **4,054,597,793** | **3,796,685,900** |
| **Current Assets** | | |
| Inventories | 40,609,337 | 5,882,242 |
| Trade and Other Receivables | 134,232,134 | 154,118,080 |
| Other Current Assets | 11,854,655 | 29,878,951 |
| Cash and cash equivalents | 569,918 | 1,818,184 |
| **Total Current Assets** | **187,266,044** | **191,697,457** |
| **TOTAL ASSETS** | **4,241,863,837** | **3,988,383,356** |
| **EQUITY AND LIABILITIES** | | |
| **Equity** | | |
| Share capital | 1,200,000,000 | 1,200,000,000 |
| Retained Earnings and Reserves | 337,261,130 | 293,097,781 |
| **Total Equity** | **1,537,261,130** | **1,493,097,781** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Loans and borrowings | 1,996,514,165 | 2,247,699,999 |
| **Total Non-Current Liabilities** | **1,996,514,165** | **2,247,699,999** |
| **Current Liabilities** | | |
| Loans and borrowings | 695,000,000 | 230,000,000 |
| Employee Benefit | 4,784,137 | 6,905,034 |
| Trade and other payables | 8,304,404 | 10,680,541 |
| **Total Current Liabilities** | **708,088,542** | **247,585,575** |
| **Total Liabilities** | **2,704,602,707** | **2,495,285,574** |
| **TOTAL EQUITY AND LIABILITIES** | **4,241,863,837** | **3,988,383,356** |

| Statement of Profit or Loss and Other Comprehensive Income | FY 2079-80 | FY 2078-79 |
|---|---|---|
| Revenue from operations | 771,498,335 | 762,470,124 |
| Other Income | 425,841 | 814,450 |
| **Total Income** | **771,924,175** | **763,284,575** |
| Employee Benefit Expenses | 26,939,873 | 26,683,150 |
| Operation and Maintanence Expenses | 58,386,058 | 82,724,142 |
| Administrative Expenses | 6,977,551 | 6,283,310 |
| Deprecation, Amortization & Impairment of Assets | 142,974,064 | 143,124,310 |
| Finance Costs | 297,439,765 | 232,256,933 |
| **Total Expenditure** | **532,717,312** | **491,071,845** |
| **Profit/(Loss) Before Tax and Bonus** | **239,206,864** | **272,212,730** |
| Provision for Staff Bonus | 4,784,137 | 5,444,255 |
| Income Tax Expense | - | - |
| **Profit/(Loss) from continuing operations** | **234,422,726** | **266,768,475** |
| Profit /(Loss) on Discontinued Operations (Net of tax) | - | - |
| Provision for Corporate Social Responsibility | 3,302,376 | 2,667,685 |
| **Net Profit/(Loss) for the year** | **231,120,350** | **264,100,790** |
| **Other comprehensive Income** | | |
| Exchange Gain/Loss arising on translation of foreignoperations | - | - |
| Acturial Gain/(Loss) on defined Employment benefit | - | - |
| Gain/Loss on Revaluation | - | - |
| **Total Comprehensive gain/(loss) for the year, net of tax** | **231,120,350** | **264,100,790** |

| *Statement of Cash Flows* | *FY 2079-80* | *FY 2078-79* |
|---|---|---|
| **Cash Flows From Operating Activities** | | |
| **Net Profit for the year** | 231,120,350 | 264,100,790 |
| Adjustments for: | | |
| Tax expense | - | - |
| Depreciation on property, plant and equipment | 2,402,550 | 2,711,045 |
| Amortization of Intangible Assets | 140,571,514 | 140,413,265 |
| Interest expense | 297,439,765 | 232,256,933 |
| Expenses towards CSR | - | |
| Prior Period Adjustments | - | (991,045) |
| Corporate Social Responsibility Fund | (1,716,174) | 1,716,174 |
| **Working capital adjustments:** | | |
| (Increase)/ Decrease in Inventories | (34,727,095) | 9,457,463 |
| (Increase)/ Decrease in Trade Receivables | 19,885,946 | (31,449,945) |
| (Increase)/ Decrease in Other Current Assets | 18,024,296 | (19,205,065) |
| Increase / (decrease) in Employee Benefits | (2,120,896) | (1,111,429) |
| Increase / (decrease) in Trade and Other payables | (2,376,142) | (42,548,125) |
| **Cash generated from operations** | **668,504,114** | **555,350,062** |
| Income Tax Paid | - | - |
| **Net Cash Flows From Operating Activities [A]** | **668,504,114** | **555,350,062** |
| **Cash Flows From / (Used In) Investing Activities** | | |
| Purchase of property, plant and equipment | (865,956) | (17,000) |
| Increase in Intangible Assets | - | (12,241,484) |
| (Increase)/ Decrease in Other Non Current Assets | (20,000) | (1,632,724) |
| Purchase of Investment | (400,000,000) | - |
| **Net Cash Flows From Investing Activities [B]** | **(400,885,956)** | **(13,891,208)** |
| **Cash Flows From Financing Activities** | | |
| Proceeds from issue of ordinary shares | - | - |
| Share issue expenses | (5,240,826) | |
| Net (repayment of) increase in borrowings | 213,814,166 | (190,000,001) |
| Interest Expenses | (297,439,765) | (232,256,933) |
| Dividends paid | (180,000,000) | (132,000,000) |
| **Net Cash Flows From Financing Activities [C ]** | **(268,866,425)** | **(554,256,934)** |
| **Increase/(Decrease) In Cash And Cash Equivalents [A+B+C]** | **(1,248,266)** | **(12,798,079)** |
| Cash and Cash Equivalent at the beginning of the year | 1,818,184 | 14,616,263 |
| **Cash And Cash Equivalents At The End Of The Period** | **569,918** | **1,818,184** |